मिति: २०८२।०४।०७
समय: बिहान ११:०० बजे

बैठक नं. ०१/२०८२/०८३

आज मिति २०८२ श्रावण ७ गते बुधवारका दिन महाकुलुङ गाउँपालिका, गाउँ कार्यपालिकाका अध्यक्ष श्री सुर्य बहादुर कुलुङज्यूको अध्यक्षतामा देहायका पदाधिकारीज्यूहरुको उपस्थितिमा बैठक बसी तपशिल अनुसारका प्रस्ताव उपर छलफल गरि निर्णय गरियो ।

उपस्थिति

| क.सं. | नाम,थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री सुर्य बहादुर कुलुङ | अध्यक्ष | |
| २ | श्री बिपना कुलुङ | उपाध्यक्ष | |
| ३ | श्री पर्खिधन राई | वडा अध्यक्ष (वडा नं. १) | |
| ४ | श्री प्रदिप राई | वडा अध्यक्ष (वडा नं. २) | |
| ५ | श्री दुर्गा बहादुर राई | वडा अध्यक्ष (वडा नं. ३) | |
| ६ | श्री सरस्वती राई | वडा अध्यक्ष (वडा नं. ४) | |
| ७ | श्री ~~बहलसिं राई~~ सूर्य ब. राई | कार्यवाहक वडा अध्यक्ष (वडा नं. ५) | |
| ८ | श्री सिद्धिमनि राई | कार्यपालिका सदस्य | |
| ९ | श्री सिता माया वि.क. | कार्यपालिका सदस्य | सिता बि क |
| १० | श्री चस्मिता वि.क. | कार्यपालिका सदस्य | चस्मीता |
| ११ | श्री निर कुमारी राई | कार्यपालिका सदस्य | |
| १२ | श्री शारदा कुलुङ | कार्यपालिका सदस्य | |
| १३ | श्री दौलित कुलुङ | कार्यपालिका सदस्य | |
| १४ | श्री खरिधन राई | स-सचिव | |

आमन्त्रित

| क.सं. | नाम,थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री हरिप्रसाद आचार्य | स्वास्थ्य शाखा प्रमुख | |
| २. | श्री हरिलाल कुलुङ | योजना शाखा प्रमुख | |
| ३. | श्री जिवन राई | आलेप अधिकृत छैठौं | |
| ४. | श्री वावुराम किरात | कार्यालय सहयोगी | |

प्रस्ताव तथा निर्णयहरु

| क.सं. | प्रस्ताव | निर्णय |
|---|---|---|

मिति: २०८२।०४।०७
समय: बिहान ११:०० बजे

बैठक नं. ०१/२०८२/०८३

<table>
<tr><td>१.</td><td>कर्मचारीको तह वृद्धि सम्वन्धमा</td><td>यस महाकुलुङ गाउँपालिका गाउँ कार्यपालिका कार्यालय अन्तर्गत कार्यरत कर्मचारीहरुको कोशी प्रदेशको स्थानीय सरकार सेवा (गठन तथा सञ्चालन) ऐन, २०८०को दफा २७ अनुसार सिफारिस समितिवाट तहवृद्धिका लागि सिफारिस भै आएको कर्मचारीको तहवृद्धि देहाय वमोजिम गर्ने निर्णय गरियो।<br><u>तपसिल</u>
<table>
<tr><th>क्रस</th><th>कर्मचारीको नाम</th><th>हालको पद</th><th>वृद्धि गरिएको तह</th><th>पछिल्लो ३ वर्षको औसत का.स.मु. अंक</th></tr>
<tr><td>१</td><td>झमक बहादुर कटुवाल</td><td>शिक्षा अधिकृत सातौं</td><td>शिक्षा अधिकृत आठौं तह</td><td>१००%</td></tr>
<tr><td>२</td><td>नविन आचार्य</td><td>सव-ईन्जिनियर पाँचौं तह</td><td>अधिकृत स्तर छैठौं तह</td><td>१००%</td></tr>
<tr><td>३</td><td>कुविर धन राई</td><td>प्राविधिक सहायक पाँचौं तह</td><td>अधिकृत स्तर छैठौं तह</td><td>१००%</td></tr>
</table>
</td></tr>
<tr><td>२</td><td>घुम्ती शिविर सञ्चालन सम्वन्धमा।</td><td>महाकुलुङ गाउँपालिकामा आ.व. २०८२/०८३ अन्तर्गत सामाजिक सुरक्षा नविकरणका लागि राष्ट्रिय परिचयपत्र आवश्यक भएको हुँदा सवै वडाहरुवाट राष्ट्रिय परिचयपत्र नभएका जेष्ठ असक्तहरुलाई ईलाका प्रशासन कार्यालय, सोताङसम्म जानका लागि पालिकाले यातायात खर्च व्यवस्था गर्ने निर्णय गरियो।</td></tr>
<tr><td>३</td><td>प्रशासनिक घुम्ति शिविर सम्वन्धमा।</td><td>महाकुलुङ गाउँपालिकाले काठमाण्डौमा अस्थाई रुपमा रोजगारीको सिलसिलामा वसोवास गर्दै आउनु भएका परिवारलाई लक्षित गरि मिति २०८२।०४।२२ देखि २४ गते सम्म कुलुङ शेर्वि किदुकको समन्वयमा काठमाण्डौ गोकर्णेश्वर नगरपालिका वडा नं. ६ मा अवस्थित शेर्पा पाटि प्यालेसमा प्रशासनिक घुती शिवर सञ्चालन गर्ने निर्णय गरियो ।</td></tr>
<tr><td>४</td><td>राष्ट्रिय प्रशारण लाईन सम्वन्धमा ।</td><td>महाकुलुङ गाउँपालिकामा राष्ट्रिय प्रशारण लाईन मार्फत विद्युत प्रवाह भएको उक्त विद्युत समुदायले नै रेखदेख गर्दै आएकोमा यस अघि कार्यपालिकामा केन्द्र प्रशारण लाईन समुदायले जिम्मा नलिने सो केन्द्रलाई नै जिम्मा दिने भनि निर्णय भएको हुँदा आज वसेको कार्यपालिकाको वैठकले उक्त निर्णयलाई नै निरन्तरता दिने साथै हाल सम्म सञ्चालन व्यवस्थापनमा भएका प्रशासन सहायक, प्राविधिक कर्मचारीहरु र आर्थिक दायित्व समेत वहन गर्ने गरि निरन्तता दिन विद्युत प्राधिकरणलाई अनुरोध गर्ने निर्णय गरियो।</td></tr>
<tr><td>५</td><td>विमोचन कार्यक्रममा सहभागी हुने सम्वन्धमा।</td><td>नेपाल किरात कुलुङ भाषा संस्कृति उत्थान संघ केन्द्र कार्यालयले कुलुङ जातीको भाषा, संस्कार संस्कृतिको संरक्षण गर्ने उदेश्यले कुलुङ भाषामा प्रकाशन गरिएको पुस्तक कुलु रिदुम को विधिवत विमोचन कार्यक्रममा मिति २०८२।०४।१७ गते दिनको १०: ३० वजे उपस्थीत हुनका लागि महाकुलुङ गाउँपालिकाकाको कार्यालयवाट देहायका जनप्रतिनिधि तथा कर्मचारीहरुलाई सहभागि हुन पठाउने निर्णय गरियो।<br>अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकिय अधिकृत, ५ वडा अध्यक्षज्यूहरु र ईच्छुक कार्यपालिका सदस्यहरु ।</td></tr>
</table>